# स्थानीय राजपत्र

**केरावारी गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड ६, संख्या १७, ११ पौष २०७९**


## भाग-२

# केराबारी गाँउपालिकाको एम्बुलेन्स सेवा व्यवस्थापन तथा सञ्चालन निर्देशिका, २०७९

स्वीकृत मितिः २०७९।०९।०७

प्रमाणिकरण तथा राजपत्रमा प्रकाशित मितिः२०७९।०९।११

**प्रस्तावनाः** गाउँपालिकाबाट प्रदान गरिने एम्बुलेन्स सेवालाई सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्स सेवामा नागरिकको पहुँच बढाई सेवाको गुणस्तर वृद्धि गर्न वाञ्छनीय भएकोले, केराबारी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम **"केराबारी गाँउपालिकाको एम्बुलेन्स सेवा व्यवस्थापन तथा सञ्चालन निर्देशिका, २०७९"** रहेको छ ।

(२) यो निर्देशिका स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा:

(१) **"अध्यक्ष"** भन्नाले केराबारी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(२) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले केराबारी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(३) **"एम्बुलेन्स"** भन्नाले बिरामी ओसार्ने स्वीकृति प्राप्त गरेको वाहन सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ ।

(४) **"एम्बुलेन्स जनशक्ति"** भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ ।

(५) **"चालक"** भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ ।

(६) **"अनुगमन समिति"** भन्नाले दफा ३ बमोजिम समितिलाई सम्झनुपर्छ ।

(७) **"व्यवस्थापन तथा संचालन समिति"** भन्नाले दफा ४ बमोजिम समितिलाई सम्झनु पर्छ ।

(८) **"सेवा"** भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पूर्ण सेवा सम्झनु पर्छ ।

(७) **"गाउँपालिका"** भन्नाले केराबारी गाउँपालिकाकालाई सम्झनु पर्छ ।

**३. एम्बुलेन्स सेवा अनुगमन समितिः** (१) गाउँपालिका अन्तर्गतका अस्पताल, स्वास्थ्य चौकी तथा निजी संस्था मार्फत संचालन गरिएको एम्बुलेन्स सेवाको गुणस्तर सुनिश्चितता गर्नका लागि गाउँपालिका स्तरीय देहायका पदाधिकारीहरु रहने गरी एक एम्बुलेन्स सेवा अनुगमन समिति रहनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिकाको अध्यक्ष | संयोजक |
| (ख)गाउँपालिकाको उपाध्यक्ष | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) सामाजिक विकास समितिको संयोजक | सदस्य |
| (ङ) गाँउ कार्यपालिकाले तोकेको एक जना कार्यपालिका सदस्य | सदस्य |
| (च) स्वास्थ्य शाखा संयोजक | सदस्य सचिव |

(२) दफा (३) बमोजिम गठित एम्बुलेन्स सेवा अनुगमन समितिको काम, कर्तव्य र अधिकार प्रचलित कानूनमा भए बाहेक देहायमा तोकिए बमोजिमको हुनेछ ।

(क) एम्बुलेन्स सेवा प्रभावकारी तवरले सञ्चालन गर्नका लागि आवश्यक नीति, मापदण्डको निर्माण गर्न सहयोग गर्ने ।

(ख) दफा ४ बमोजिम गठन हुने एम्बुलेन्स सेवा व्यवस्थापन तथा सञ्चालन समितिलाई आवश्यक निर्देशन दिने र सोही बमोजिम कार्य भए नभएको अनुगमन गर्ने ।

(ग) एम्बुलेन्स सेवा व्यवस्थापन तथा सञ्चालन समितिले प्रभावकारी एम्बुलेन्स सेवा प्रदान नगरेमा सो समितिका पदाधिकारी हेरफेर वा खारेज गरी पुनः गठन गर्ने ।

(घ) एम्बुलेन्स सेवा सञ्चालनका लागि आवश्यक पर्ने जनशक्ति व्यवस्थापनमा सहजिकरण गर्ने ।

(ङ) पालिका क्षेत्रभित्र निजी संघसंस्थाले सञ्चालन गरेका एम्बुलेन्स सेवाको समेत अनुगमन गर्ने ।

(च) एम्बुलेन्स सेवा शुल्क वापतको रकमको हिसाव किताव सम्बन्धी अनुगमन गर्ने ।

(च) एम्बुलेन्स सेवाको भाडा निर्धारणका सम्वन्धमा आवश्यक निर्देशन गर्ने ।

**४. एम्बुलेन्स सेवा व्यवस्थापन तथा सञ्चालन समितिः** (१) एम्बुलेन्स सेवालाई सरल, भरपर्दो र व्यवस्थित बनाई सञ्चालन व्यवस्थापन गर्नका लागि तपसिल बमोजिमको एक एम्बुलेन्स सेवा व्यवस्थापन तथा सञ्चालन समिति रहनेछ ।

(क) एम्बुलेन्स संचालन भएको सम्बन्धित स्वास्थ्य संस्थाको व्यवस्थापन समितिको अध्यक्ष्य - संयोजक

(ख) समितिले तोकेको एक जना महिला स्वयमसेविका - सदस्य

(ग) सम्बन्धित वडा क्षेत्रको प्रहरी चौकीको प्रतिनिधी - सदस्य

(घ) गाँउपालिकाको स्वास्थ्य संयोजक -सदस्य

(ङ) प्रतिनिधि, स्थानीय रेडक्रस सोसाईटी, केराबारी - सदस्य

(च) स्थानीय उपभोक्ता हितको क्षेत्रमा काम गर्ने संस्थाको प्रतिनिधि - सदस्य

(छ) एम्बुलेन्स संचालन गर्ने सम्बन्धित स्वास्थ्य संस्था प्रमुख - सदस्य सचिव

तर पालिका अस्पताल रहेको वडाको हकमा सम्वन्धित वडाध्यक्ष यस समितिको संयोजक रहनेछ ।

(२) दफा (१) बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन तथा सञ्चालन समितिको काम, कर्तव्य र अधिकार देहायमा तोकिए बमोजिमको हुनेछ ।

(क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गर्ने गराउने ।

(ख) दुरीका आधारमा एम्बुलेन्स सेवा शुल्क निर्धारण गर्ने र भाडा दर पुनरावलोकन गर्ने ।

(ग) गाउँपालिकासँग प्रत्यक्ष रुपमा समन्वय र सहकार्य गरी एम्बुलेन्स सेवा सञ्चालन गर्ने गराउने ।

(घ) एम्बुलेन्स सेवा शुल्क वापत संकलित रकम समयमै बैंक दाखिला गर्ने गराउने ।

(ङ) सेवा शुल्क वापतको हिसाव किताव चुस्त दुरुस्त राख्ने राख्न लगाउने ।

(३) एम्बुलेन्स सेवा व्यवस्थापन तथा सञ्चालन समितिको सदस्य सचिवले सेवा प्रवाहको स्थितिको मासिक विवरण तयार गर्नुपर्नेछ । यसरी तयार गरेको मासिक विवरण एकीकृत गरी चौमासिक वा वार्षिक रुपमा गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

**५. चालकको नियुक्ति र सेवा सुविधाः** (१) एम्बुलेन्स सेवा गुणस्तर एवं प्रभावकारी ढंगले सञ्चालन गर्नका लागि आवश्यक पर्ने चालकको व्यवस्थापन प्रचलित सार्वजनिक खरिद ऐन बमोजिम सम्बन्धित स्वास्थ्य संस्थाले गर्नेछ ।

(२) एम्बुलेन्स चालक पदमा नियुक्ति भएका चालकले अनुसूची-१ बमोजिमको आचारसंहिता पालना नगरेमा एकपटकका लागि स्पष्टीकरण सोधिने छ तर आचारणमा सुधार नगरी बारम्बार आचारसंहिता उल्लङ्घन गरेमा निजसँगको सेवा करारको अन्त्य अनुगमन समितिको निर्देशनमा एम्बुलेन्स सेवा व्यवस्थापन तथा सञ्चालन समितिले गर्नेछ ।

(३) एम्बुलेन्स चालकको विदा सम्बन्धित एम्बुलेन्स व्यवस्थापन तथा सञ्चालन समितिले तोके बमोजिम हुनेछ ।

**६. सेवा शुल्क सम्बन्धी व्यवस्था:** (१) दुरी र एम्बुलेन्सको वर्गका आधारमा एम्बुलेन्स सेवा व्यवस्थापन तथा सञ्चालन समितिले सेवा शुल्क निर्धारण गर्नेछ ।

तर उक्त समिति गठन हुनु पूर्व गाउँपालिकाले त्यस्ता दुरी तथा एम्बुलेन्सको वर्गका आधारमा सेवा शुल्क निर्धारण गर्न सक्नेछ ।

(२) एम्बुलेन्स सेवा शुल्क वापत संकलन गरिएको रकम गाउँपालिकाले तोकेको बैंकमा एक कोष खाता खोली एम्बुलेन्स सेवा व्यवस्थापन तथा सञ्चालन समितिको संयोजक र सदस्य सचिवको संयुक्त दस्तखतबाट सञ्चालन गर्नुपर्नेछ ।

(३) सेवा दिए वापत लिइने सेवा शुल्क नगदी रसिद काटी तोकिएको बैंक खातामा दाखिला गर्ने जिम्मेवारी सम्बन्धित एम्बुलेन्स चालकको हुनेछ ।

(४) अनुसूची-२ बमोजिमका व्यक्तिहरुलाई सहुलियत सहितको एम्बुलेन्स सेवा उपलब्ध गराउनु पर्नेछ ।  सहुलियत सहितको एम्बुलेन्स सेवा दिए वापतको शुल्कको सोधभर्ना केराबारी गाउँपालिकाले उपलब्ध गराउनेछ ।

(५) कोषको रकम एम्बुलेन्स सेवा व्यवस्थापन तथा सञ्चालन समिताको स्वीकृति बिना खर्च गर्न पाईने छैन । कोषको रकम सामान्यतया चालकको तलव भत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा राख्नु पर्ने अति आवश्यक पर्ने सामाग्रीको खरिदमा खर्च गर्नुपर्नेछ ।

**७. सेवाको कार्यक्षेत्र:** (१) केराबारी गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने जनताहरुको लागि एम्बुलेन्स सेवा प्राथमिकताका साथ प्रदान गर्नु पर्नेछ । तर अति आवश्यक परेको अवस्थामा छिमेकी स्थानीय तहका विरामीहरुका लागि समेत तोकिएको सेवा शुल्क लिई एम्बुलेन्स सेवा उपलब्ध गराउन सकिनेछ ।

(२) गाउँपालिकाले वार्षिक नीति तथा कार्यक्रममा तोकेको प्रकृतिको विरामीका लागि गाउँपालिकाका वडाको एक स्थानबाट सम्बन्धित वडा वा अर्को वडामा रहेको स्वास्थ्य संस्था वा गाउँपालिकाको अस्पतालसम्म ल्याउन लैजान निःशुल्क रुपमा एम्बुलेन्स सेवा उपलब्ध गराउनेछ ।

**८ विविधः** (१) एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधीको विवरण अनुसूची-३ बमोजिम हुनेछ ।

(२) एम्बुलेन्समा सवार विरामी, विरामीका आफन्त तथा स्वास्थ्यकर्मीको बीमाको दायित्व सेवाग्राही स्वंयमको हुनेछ ।

(३) यस निर्देशिकामा आवश्यकता अनुसार संशोधन र हेरफेर दफा ३ बमोजिम गठित समितिको सिफारिसमा कार्यपालिकाले गर्न सक्नेछ ।

अनुसूची - १

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

## एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचारसंहिता

१. केराबारी गाउँपालिकाको एम्वुलेन्स सेवा व्यवस्थापन तथा सञ्चालन निर्देशिका, २०७९ लाई पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।

२. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा इमान्दारिता र विश्वननीयता कायम गर्दै आफ्नो पेशाको मानमर्यादामा खलल पुग्ने किसिमको कुनै पनि कार्य गर्न पाईनेछैन ।

३. धुम्रपान तथा मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन पाईनेछैन ।

४. विरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा विरामी तथा विरामीको परिवारलाई सधै सम्मानपूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा सेवा प्रदान गर्नुपर्नेछ ।

५. कुनै पनि विरामीलाई ओसारपसार गर्नु अघि निजको बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्नेछ ।

६. विरामीलाई बीच बाटोमा नछाडी गन्तव्यमा पु-र्याउनु पर्नेछ ।

७. सेवा दिए वापत संकलन गरिएको रकम तोकिएको बैंक खातामा समयमै दाखिला गर्नुपर्नेछ ।

८. एम्बुलेन्स सेवा उपलब्ध गराउँदा कहाँ, कुन ठाउँ गएको वा आएको सोको सम्पूर्ण विवरण लग बुकमा उल्लेख गर्नुपर्नेछ ।

९. लगबुक नियमित रुपमा तोकिएको पदाधिकारीबाट प्रमाणित तथा स्वीकृत गराउनु पर्नेछ ।

१०. सेवा शुल्क वापत संकलन गरिएको रकमको मासिक विवरण समितिलाई बुझाउनु पर्नेछ ।

११. नेपाल सरकारले प्रतिवन्ध लगाएका बस्तुहरु ओसारपसार गर्न पाईनेछैन ।

१२. समय समयमा समितिले दिएका निर्देशनको पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।

१३. माथि उल्लेख हुन छुट भएका विषयका सम्बन्धमा प्रचलित कानून बमोजिम गर्नुपर्नेछ ।

म....................................नाम)..........................ठेगाना........................ ......ना.प्र.प.नं..........................जिल्ला, सवारी चालक अनुमति नं. ..................................माथि उल्लिखित आचारसंहिता अध्ययन गरेको छु । केराबारी गाउँपालिकाद्धारा सञ्चालित, एम्बुलेन्स सेवा व्यवस्थापन तथा सञ्चालन समिति, ............................................................ (स्वास्थ्यको नाम) को मातहत र प्रत्यक्ष निगरानीमा रही एम्बुलेन्स चलाउदा मैले यो आचारसंहिता पूर्ण रुपमा पालन गर्न सहमति जनाई हस्ताक्षर गरेको छु ।

चालकको रोहबर प्रमाणित गर्ने पदाधिकारीको

| चालकको | प्रमाणित गर्ने पदाधिकारीको |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नाम, थरः | नाम, थरः |
| मितिः | मितिः |

## अनुसूची - २

**(दफा ६ को उपदफा (४) सँग सम्बन्धित)**

**सहुलियत सहितको एम्बुलेन्स सेवा प्राप्त गर्ने विवरण**

| सि.न. | सहुलियत सहितको सेवा प्राप्त गर्ने | सहुलियत |
|---|---|---|
| १. | ६५ बर्ष माथिका जेष्ठ नागरिक | निशुल्क |
| २. | क वर्गका अपाङगता भएका व्यक्ति | निशुल्क |
| ३. | गर्भवति महिला प्रसुति केन्द्रमा सुत्केरी हुन आउदा र जाँदा | निशुल्क |
| ४. | ख र ग वर्गका अपाङगता भएका व्यक्ति | ५० प्रतिशत निशुल्क |
| ५. | घ वर्गका अपाङगता भएका व्यक्ति | २५ प्रतिशत निशुल्क |
| ६. | आकस्मिक दुर्घटनामा परि घाइते भएका व्यक्ति | निशुल्क |
| ७. | सर्पदंशका विरामी | निशुल्क |

क.उल्लिखित सहुलियत सहितको एम्वुलेन्स सेवा मोरङ, सुनसरी भित्रका अस्पताल आवातजावतका लागि मात्रै उपलव्ध गरिनेछ ।

ख.आकस्मिक दुर्घटना वाहेकको अवस्थामा आकस्मिक सेवा लिन आवश्यक नभए पालिका अस्पतालको प्रेषण आवश्यक पर्ने ।

## अनुसूची - ३

**(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)**

**एम्बुलेन्समा हुनुपर्ने औषधी र उपकरणको विवरण**

- First Aid का सामानहरु,
- Oxygen Cylinder, Flow Meter/Mask जडित वा जरुरी परेमा राख्न सकिने अन्य साधनहरु,
- IV Injection दिन सक्ने व्यवस्था,
- Stretcher cum Board,
- Stethoscope, B.P. Apparatus, Torchlight,
- Driver with basic training in first aid and emergent medicine

आज्ञाले,
सुदर्शन दाहाल
प्रमुख प्रशासकीय अधिकृत